STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २२ | अङ्क २४८ | श्रेणी क्षेत्रीय 'क' | २०७८ असोज ३ गते आइतबार | 19 Sept. 2021 | पृष्ठ ४ | मूल्य रु. २।-

## संघीयता कार्यान्वयनको विकल्प छैन : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अहिले सङ्घीयताको कार्यान्वयनको सन्दर्भमा देखिएका कमीकमजोरी औंल्याउँदै अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभएको छ।

गण्डकी प्रदेश मुख्यन्यायाधिवक्ताको कार्यालयद्वारा शनिबार पोखरामा आयोजित संविधान कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले संविधान जनताको राय सुझावका आधारमा संविधानसभामार्फत आएको हुनाले सैद्धान्तिक रुपमा प्रश्न उठाउनुपर्ने विषय नरहेको बताउनुभयो। केन्द्रिकृत शासन प्रणाली हटाउन यो संविधानमा नयाँ व्यवस्था थपे पनि संविधानमा लिपिबद्ध ती अधिकार प्रदेश र स्थानीय तहमा दिन छुच्याइँ गरिएको गुनोसो गर्दै उहाँले सूची अनुसारका अधिकार प्राप्त हुननसक्दा प्रदेश सरकारलाई काम गर्न अप्ठ्यारो परेको बताउनुभयो। सङ्घीयता कार्यान्वयनको चार वर्षमै यसको सफलता असफलताका बारेमा मूल्याङ्कन गर्ने बेला नभएको भन्दै मुख्यमन्त्री पोखरेलले हामीले जे थालनी गरेका छौं, यसलाई सकारात्मक रुपमा हेर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय बजेट हेर्दा ७० प्रतिशत सङ्घले राखेको, ३० प्रतिशत प्रदेश र स्थानीय तहलाई दिएको छ, सङ्घीयतालाई मजबुत बनाउन वित्तीय सङ्घीयता कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ छ। सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधानलेसंविधानलाई अझ जीवन्त बनाउन आवश्यक कानुन बनाउन जरुरी रहेको बताउँदै यसमा कार्यपालिका र व्यवस्थापिकाकै भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले इमान्दार नेतृत्व भए मात्र संविधान कार्यान्वयन हुन सक्छ भन्ने अनुभूति अहिले भएको बताउँदै असमानताले विद्रोह जन्माएको धारणा राख्नुभयो।

प्रदेशका कानुन सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री बिन्दुकुमार थापाले संविधान बन्नुभन्दा पनि कार्यान्वयनको अवस्था कस्तो छ भनेर मूल्याङ्कन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। प्रहरी कर्मचारी प्रदेशमा समायोजन भएको अवस्था छैन, सङ्घीय निजामती सेवा ऐन नबनेका कारण प्रदेशमा कर्मचारी व्यवस्थापनमा समस्या भएको बताउँदै उहाँले केन्द्रीकृत मानसिकताले सङ्घीयता कार्यान्वयनमा चुनौती बनेको विचार व्यक्त गर्नुभयो। प्रदेशमा ४८ कानुन बनेको र पाँच वटा विधेयक सदनमा विचाराधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो।

मुख्य न्यायाधिवक्ता रोहितराज बाँस्तोलाले संविधान राजनीतिक दस्ताबेज रहेको भन्दै यसलाई सफल रुपमा कार्यान्वयन गर्न राजनीतिक प्रतिबद्धता आवश्यकता पर्ने बताउनुभयो। गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति सूर्य खड्का विखर्चीे, वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापा, उच्च र जिल्ला अदालतका न्यायाधीश सरकारी कार्यालयका प्रमुख, कानुन व्यवसायी, नागरिक समाजका अगुवा कार्यकर्ताको सो अवसरमा सहभागीता रहेको थियो। संविधान दिवसका अवसरमा आज साँझ पोखराको शहिद चोकमा दीप प्रज्ज्वलन गरिएको छ। संविधान दिवस मूल समारोह समितिद्धारा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो।



संविधान दिवसका अवसरमा शनिबार साँझ पोखराको सहिदचोकमा दीप प्रज्ज्वलन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल। संविधान दिवस मुल समारोह समितिले गरेको कायक्रमको संयोजन पोखरा पर्यटन परिषदले गरेको हो।

## 'न्यायसम्पादनमा सबैको भूमिका महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीले समाजमा न्याय निरुपणका लागि सरोकारवाला सबैको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

सर्वोच्च अदातलद्वारा शनिबार पोखरामा आयोजित न्यायपालिकाको रणनीतिक योजनाको कार्यान्वयन तथा फरक मुद्दा व्यवस्थापन पद्धतिको प्रभावकारिता विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले प्रत्येक नागरिकले न्यायको अनुभूति हुने गरी न्याय सम्पादनमा ध्यान दिनुपर्ने बताउनुभयो।न्यायप्रणालीलाई समय सापेक्ष छिटोछरितो बनाउनुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि साधनस्रोतको अभाव हुन नदिनेतर्फ राज्य लाग्नुपर्नेमा उहाँको जोड थियो। कोरोना कहरका कारण न्याय सेवा पनि प्रभावित भएको उल्लेख गर्दै न्यायाधीश कार्कीले यसका कारण मुद्दा फछ्र्यौटमा ढिलासुस्ती हुन गएको स्पष्ट पार्नुभयो। कोरोनाको कारण अदातलको सेवा बन्द हुँदा न्यायसम्पादनमा अप्ठयारो परेपनि त्यस अवधिमा फैसलाको लेखन प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो।सर्वोच्च अदालतका अर्का न्यायाधीश सपना मल्ल प्रधानले न्याय सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक रहेकोमा जोड दिँदै प्रविधियुक्त न्याय सम्पादन प्रणाली अहिलेको आवश्यकता भएको बताउनुभयो। समाजका गरिब, निमुखा तथा असहाय सबैले न्याय पाउने गरी सेवा प्रवाह गर्नुपर्न बताउँदै उहाँले आर्थिक विपन्नता, गरिबी आदि कारणवाट न्याय नपाउने अवस्थाको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो। उच्च अदालत पोखराका कामु मुख्य न्यायाधीश बालकृष्ण उप्रेतीले प्रविधिमैत्री न्याय सम्पादनका लागि आवश्यक पूर्वाधार एवं दक्ष जनशक्तिको आवश्यकता औंल्याउनुभयो। जिल्ला अदालत कास्कीका न्यायाधीश श्रीकृष्ण भट्टराईले सरोकारवाला सबै पक्षको रायका आधारमा न्यायसम्पादन गर्दै आएको बताउँदै न्याय प्रणालीमा कागजलाई विस्थापित गर्दै प्रविधियुक्त बनाइनुपर्ने आवश्यकता औंल्याउनुभयो। सर्वोच्च अदालतका सह-रजिष्टार विमल पौडेलले रणनीतिक योजना तथा फरक मुद्दा व्यवस्थापन पद्धति विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। जिल्लास्थित सुरक्षा निकायका प्रमुख, न्याय क्षेत्रसँग सम्बन्धित सङ्घसंस्था, स्थानीय तह, नागरिक समाज लगायतको सो कार्यक्रममा सहभागिता रहेको थियो।

## कला क्षेत्रको प्रवर्द्धनमा सरकार प्रतिबद्ध: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कला क्षेत्रको प्रवर्द्धन र सम्बर्द्धनमा सरकार प्रतिबद्ध रहेको बताएका छन्।

सिर्जनशील कलाकार समूह पोखराले शनिबार आयोजना गरेको सिर्जनशील युवा कला पुरस्कार सम्मान समारोहमा मुख्यमन्त्री पोखरेलले उक्त प्रतिबद्धता जनाएका हुन्। दुर्गा बराल वात्स्यायन जस्ता कलाकार जन्माउने पोखरा ललितकलाको पाठशाला नै रहेको भन्दै उनले यसलाई व्यावसायिक रुपमा प्रवर्द्धन गर्दै जानुपर्ने भनाइ राखे। आर्थिक वर्षको अन्तिममा सरकार बनेकाले हतारमा बजेट ल्याउनुपर्ने सन्दर्भ जोड्दै छुटेका तर महत्वपूर्ण क्षेत्रलाई समेट्दै जाने प्रतिबद्धता जनाए।

पाठ्यक्रममा समेत ललितकलाई समेट्ने गरी प्रदेश सरकार अगाडि बढ्ने मुख्यमन्त्री पोखरेलको भनाइ थियो। नेपालको लोकतान्त्रिक परिवर्तनका क्रममा कलाकारहरुका स्मरण गर्दै उनले सबै क्षेत्रको क्रियाशीलताबाटै अहिलेको उपलब्धि हासिल भएको चर्चा गरे। कलाकार, साहित्यकार तथा समासेवी विश्वरत्न शाक्य र उनका परिवारले पिता सिद्धिरत्न शाक्य र माता सेतुलीमाया शाक्यको स्मृतिमा २०६४ सालमा उक्त पुरस्कार स्थापना गरेका हुन्। यो पुरस्कार सबैभन्दा पहिला पोखराकै सुनिल सिग्देलले प्राप्त गरेका हुन्। हालसम्म यो पुरस्कार १५ जनाले पाएका छन्। कोभिड महामारीका कारण पोहोर र परार हस्तान्तरण गर्न बाँकी पुरस्कार समेत यसै पालि प्रदान गरिएको हो। सिर्जनशील युवा कला पुरस्कार- २०७६ दलबहादुर गुरुङ, २०७७ अमृतबहादुर कार्की र २०७८ मनोज तामाङलाई प्रदान गरिएको हो। मुख्यमन्त्री पोखरेल र सिर्जनशील कलाकार समूह कास्की अध्यक्ष अग्रज कलाकार दुर्गा बरालले उक्त पुरस्कार प्रदान गरे। पुरस्कारको राशि जनही १० लाख रुपैयाँ छ।

कार्यक्रममा समूह अध्यक्ष बरालले पोखरामा २०२८ सालबाट कलाकार संगठित हुन थालेको भन्दै यतिका वर्षसम्म आइपुग्दा पनि भौतिक रुपमा कुनै प्रगति हुन नसकेकोप्रति दुख व्यक्त गरे। सरकार र नीति निर्माण गर्नेहरु नै यस विषयमा संवेशनशील हुनुपर्ने भन्दै हालसम्म त्यसो हुन नसकेको उनले बताए। पोखरा महानगरको पुरानो भवनमा महेन्द्रपुलमा निजीस्तरबाट ग्यालरी स्थापना भए पनि अहिले अलपत्र परेको उनले सुनाए। कलाकारलाई ग्यालरी भनेको माछालाई पानीजस्तै हो भन्दै उनले यसका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराए।

कार्यक्रममा सम्मानितमध्येबाट दलबहादुर गुरुङ, अग्रज कलाकार, गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, साहित्यकार रमेश श्रेष्ठ, पोखरेली युवा सांस्कृति परिवारका अध्यक्ष मोति भुजेल लगायतले शुभकामना व्यक्त गरे। अग्रज कलाकार लोकबहादुर गुरुङले सम्मानितत्रयको चिनारी प्रस्तुत गरेका थिए। कलाकार एवं पोखरा प्रज्ञा प्रतिष्ठानकी कार्यकारिणी सदस्य मीलन शेरचनले उक्त अवसरमा स्वागत गरेकी थिइन्।

## प्रदेशलाई आत्मनिर्भर बनाउन उत्पादनमा ध्यान केन्द्रित गर्न मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशलाई आत्मनिर्भर बनाउन उत्पादनमा आधारित उद्योग धन्दा स्थापना गर्नुपर्ने बताए।



पोखरा चेम्बर अफ कमर्स कास्कीको शनिबार सम्पन्न भएको तेश्रो वार्षिक साधारण सभा तथा प्रथम अधिवेशनको उद्घाटन गर्दै मन्त्री बरालले प्रदेशलाई आत्मनिर्भर बनाउनको लागि उत्पादनमा आधारित उद्योग धन्दा खोल्नुपर्ने बताएका हुन्।

कच्चा पदार्थको उपलब्धताको आधारमा सानो देखि मझौला हुदै ठुला उत्पादनमा आधारित उद्योग स्थापना गर्नुपर्ने मन्त्री बरालको भनाई थियो। निजी क्षेत्रको पुंजिलाई कसरी सदुपयोग गर्न सकिन्छ त्यसमा प्रदेश सरकार तयार रहेको बताएका मन्त्री बरालले निजी क्षेत्रलाई उत्पादनमा आधारित उद्योगहरु संचालन गर्न अघि बढे कानूनि बेबदान र समन्य तथा सहकार्य गर्न सरकार तयार रहेको उल्लेख गरे। उनले भने "बामेसर्न लागेको हाम्रो अर्थतन्त्र फेरी कोभिड –१९ ले पछि धकेलिएको छ, सुखि नेपाली समृद्ध नेपाल बनाउने अभियानमा निजी पुंजिलाई अब ठिक ढंगले परिचालन गर्नुपर्छ।" देशको आर्थिक विकास हुन बजारमा चहल पहलसंगै राजनीति स्थिरता आवश्यक पर्ने मन्त्री बरालको भनाई छ। गण्डकी प्रदेशको अर्थतन्त्र सुदृण हुने गरी ध्यान केन्द्रित गर्न सकरात्मक सोच बनाउनु निजी क्षेत्र अघि बढ्न उनको सुझाव छ। निजी पुंजिको सुरक्षाको लागि र कानूनी प्रकृयालाई सरलीकरण गर्न आफ्नो क्षेत्रबाट पहल गर्ने मन्त्री बरालको भनाई थियो। उनले भने " कोभिड १९ ले मानव जातिलाई क्षेद– विच्छेद बनाएको छ, मानव जिवनलाई अस्त व्यस्त बनाएको, अबको यो अबस्थामा जन–जीवनलाई सहज तुल्लाउन पनि सचेतना पूर्व बजारलाई खुल्ला गर्नुको विकल्प छैन। " सबै नेपाली जनतालाई छिटो भन्दा छिटो कोरोना बिरुद्धको खोप उपलब्ध गराउन राज्यको ध्यान केन्द्रित भएको दाबी गरेका मन्त्री बरालले अब बिस्तारै बजार सहज हुने विश्वास व्यत्त गरे। कोरोनाका वेला स्वास्थ्य सामाग्रि सहित विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको कमर्सलाई मन्त्री बरालले प्रशंसा गरे। संस्थाका कार्यवहाक अध्यक्ष ज्ञान बहादुर नेपालीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको महासचिव उमराज पौडेलले बताए। पोखरा चेम्बर अफ कमर्स कास्कीका संस्थापक अध्यक्ष किसान सुनार, सचिव एवं एक व्यक्ति एक संस्था अक्सिजन ग्याँस सिलिण्डर कार्यक्रमका संयोजक प्रेम सुवेदी, महिला उद्यमी एवं व्यवसायी टिका गुरुङ लगायतलाई सम्मान गरिएको थियो। यसैबिच, पोखरा चेम्बर अफ कमर्स कास्कीको सर्वसम्मत रुपमा नयाँ कार्य समिति चयन भएको छ। उक्त अधिवेशनबाट अध्यक्ष, यमनाथ पौडेल निवर्तमान अध्यक्ष किसान सुनार, वरिष्ठ उपाध्यक्ष प्रेमबहादुर भुजेल, उद्योग, बस्तुगत, वाणिज्यतर्फका उपाध्यक्षहरुमा क्रमशः ज्ञानबहादुर नेपाली,उमराज बास्तोला र प्रेमप्रसाद सुवेदी छन्। महासचिव नवराज आचार्य, २ सचिवमा नविन बराल र विष्णुप्रसाद बास्तोला, कोषाध्यक्ष सुरेश दाहाल, सहकोषाध्यक्ष कल्पनादेवी तिमिल्सिना सहित ११ पदाधिकारी निर्विरोध भएका छन्।

कार्य समितिको सदस्यमा पोखरा महानगरबाट सविन जिसी, कर्पोरेटबाट रुद्रप्रसाद अर्याल र विनोद भुजेल, बस्तुगततर्फबाट पवित्रबहादुर नेपाली, विक्रम पन्त, दिपक तिमिल्सिना र इन्द्रप्रसाद भुवाई छन्। कार्य समिति औद्योगिक क्षेत्रबाट पूर्णशोभा गुरुङ र श्याम मल्ल, नगरतर्फबाट पम्फा देवकोटा, अन्नपूर्ण गाउँपालिकाबाट सुरेन्द्र गुरुङ, इकाईबाट दुर्गादत्त पोखरेल र वडाबाट जीवन ढुंगाना निर्वाचित भएका छन्। कार्य समिति सदस्यमा खुल्लातर्फबाट बोधराज सुवेदी,सुवास सुवेदी, गोकर्ण अधिकारी, पदमलाल श्रेष्ठ, मनहरी दाहाल, विशाल गुरुङ, प्रकाशकुमार श्रेष्ठ, योगकुमारी गौतम,कृष्णराज पोखरेल,कमलबहादुर भुजेल र शम्भु अधिकारी निर्वाचित भएका छन्। चेम्बरको विधान अनुसार पछि ४जनालाई मनोनित गरिने छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सुकुम्बासी बस्तीको वैकल्पिक व्यबस्थापन नगरेसम्म चलाउन हुदैन: अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले सुकुम्बासी बस्तीको वैकल्पिक व्यबस्था नभएसम्म कसैले चलाउन नहुने बताएका छन् । पोखरा ६ घाईघाटको अखिल नेपाल सुकुम्बासी संघले शनिबार आयोजना गरेको श्रद्धान्जली सभामा वोल्दै मन्त्री बरालले बर्षै देखि बस्दै आएको ठाँउबाट सुकुम्बासीहरुलाई वैकल्पिक व्यबस्थापन विना कसैले चलाउन वा हटाउन नहुने बताएका हुन् ।



नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहेका मन्त्री बरालले माओबादी गरिब, निमुखा, हरुवा, चरुवा र पछि परेको बर्गको पक्षमा भएकोले सुकुम्बासी बस्तीहरु भएको स्थानमा उनीहरुलाई उचित व्यवस्थापन गरेर मात्र अरु काम अघि बढाउन चेतावनी दिए । राज्यले सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने प्रकृयामा रहेको उल्लेख गदै मन्त्री बरालले निर्वाचनको मुखमा जो कसैले दिएको मिठा कुरा र झुटा आश्वासनमा नपर्न समेत सुझाव दिए । माओबादीले देशका अति विपन्न, गरिब, दुःखि, हरुवा, चरुवाको पक्षमा आवाज उठाउदै आएको दाबी गरेका मन्त्री बरालले सुकुम्बासी बिरुद्ध कोहि जाहि लागेमा त्यसको बिरुद्ध पार्टीले साथ दिने विश्वास दिलाए ।

फेवातालको ६५ मिटर वरिपरीका घर टहरा भत्काउने बिषयमा राज्यले ३/४ दशक देखि बस्दै आएका सुकुम्बासीलाई कुनै विपकल्प सहित व्यबस्थापन गर्नुपर्ने मन्त्री बरालको भनाई छ । पोखरा ६ गाईघाट सहितका केही सुकुम्बासी बस्ती हटाउने बिषयमा एमालेले जनभ्रमित पार्दै सुकुम्बासी बस्ती नै हटाउने बिषयमा समेत अगुवाई गरेको मन्त्री बरालको भनाई छ । उनले भने "मान्छे भएर मान्छेको व्यवहार नगर्ने, अनि फेरी साखल्ले पल्टेर सुकुम्बासी बस्तीमा यति जो कोही राजनीति गर्न आउछन भने उनीहरुलाई कस्तो व्यवहार गर्ने त्यो तपाईहरुले पक्कै जान्नु नै भएको छ ।" माओबादी केन्द्र कास्कीका सदस्य एवं पर्यटन व्यवसायी अग्नी कंडेलले सुकुम्बासीहरुको हकहितमा माओबादीले लड्दै आएको दाबी गरे । जर्नादन शर्मा उर्जा मन्त्री हुदा सुकुम्बासी बस्तीमा बिद्युत जडान भएको, हालका उर्जा मन्त्री पम्फा भुषालले न्यूनतम २० यूनिट भन्दा कम बिद्युत खपत गर्नेलाई निशुल्क बिद्युत सेवा प्रयोग गर्न पाउने सुविधा ल्याएको उनको दाबी थियो । अखिल नेपाल सुकुम्बासी संघ गण्डकी प्रदेशका सह–इन्चार्ज हर्क बहादुर बि.क.ले सुकुम्बासी बस्तीको हकहितमा माओबादीले अगुवाई गर्दै आएको दाबी गरे । गाईघाट क्षेत्रमा गलत प्रबृत्तिका केही संगठनको आँखा लागेको उनको गुनासो थियो ।

अखिल नेपाल सुकुम्बासी संघ, पोखरा ६ घाईघाटका अध्यक्ष गोविन्द गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सेते वि.क., कृष्ण थापा, वल बहादुर बि.क., चक्र बहादुर बि.क.को तष्विरमा मन्त्री बराल सहितका सहभागिहरुले पुष्पा गुच्छा अर्पण गरेका थिए । सुकुम्बासीको हकहितमा लाग्दै आएका उनीहरुको स्मृतिमा उक्त कार्यक्रम गरिएको संघले जनाएको छ । उक्त स्थानमा विगत २०४० साल देखि सुकुम्बासी बस्दै आएको अध्यक्ष गुरुङले दाबी गरे ।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको अध्यक्षमा पुन: केशवबहादुर खत्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**



बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराको २३औ साधारणसभा तथा १२औ अधिवेशनले पुनः केशव बहादुर खत्रीकोअध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

एशोसियसनको उपाध्यक्षमा ईन्द्रराज अर्याल महासचिवमा बुद्दी कुवँर सचिवमा राजु केसी कोषाध्यक्षमा थमनसिह गुरुङ रहेका छन् ।सदस्यहरुमा लक्ष्मण आचार्य,शान्ति श्रेष्ठ जोशी, ज्ञानेन्द्रमा श्रेष्ठ, मनोहरिपौडेल,गोविन्दप्रसाददाहाल, ईन्द्रमायागुरुङ,प्रविणमहाजन,सुशिल श्रेष्ठ, पार्वती ढकाल बस्ताकोटी,गणेश पौडेल रहेका छन् । यस अघि साधारणसभा तथा अधिवेशनको उद्घघाटन गर्दे पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरलाले ब्यवसायीहरूलाईपोखरामा कोभिड विरूद्वको खोप ल्याउन पोखरा उधोग वाणिज्य सघले विशेष पहल गरेकोले व्यवसायीले खोप पाउन सफल भएकोबताउदै बुद्ध विशाल बजार ब्यपारिक एशोसियसन पोखराको एक नमुना एशोसियसन रहेकोबताए।कार्यक्रममाबुद्धविशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशब वहादुर खत्रीले ब्यवसायी साथीहरुको हकहितको लागीआफुले जस्तोसुकै मुल्य पनि चुकाउन तयार रहेको बताए । कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका मानार्थ सदस्यसुदीप ढकालले बिशाल बजारका व्यवसायी साथीहरूलाई आफ्नो तर्फवाट साथ र सयोग रहिरहने बताए। कार्यक्रममा बुद्ध विशालबजार ब्यापारिक एशोसियसनका सल्लाहकार माधव सिग्देल निर्वाचन अधिकृत तथा कानुनी सल्लाहकार जगनाथ ढकाल लगाएलेबोलेका थिए ।

कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका संयोजकतर्फ प्रेस संयोजक मनोहरि पौडेललाई उत्कृष्ट सयोजकको रूपमाविशेष सम्मान गरिएको थियो भने एशोसियसनका उपाध्यक्ष शिव शर्मालाई सस्थालाई विशेष योगदान गरेकोमा बिशेष सम्मान गरिएकोथियो ।

पुराना व्यवसायीहरु तर्फ सरफराजदिन मिया,वेद प्रसाद ढकाल,सुनिल गोगजु,केशव वहादुर खत्रीलाई सम्मान गरीएको थियो । साथैएसईमा उत्कृष्ट अकं ल्याउने व्यवसायीका छोराछोरी तर्फ सम्पदा ढकाल र स्वरूप थापालाई समेत सम्मान गरीएको थियो। बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीको अध्यक्षतामा भएको साधारणसभा तथा अधिवेशनमामहासचिव ईन्द्रराज अर्यालले कार्यक्रम सन्चालन गरेका थिए भने कार्यक्रममा स्वागत मन्तव्य एशोसियसनका उपाध्यक्ष शिव शर्मालेगरेका थिए भने धन्यवाद ज्ञापन निर्वतमान अध्यक्ष प्रदिपकुमार मुल्मीले गरेका थिए ।

# गण्डकी प्रवेश नाकामा स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्र

**पोखरापत्र संवाददाता**
**तनहुँ, २ असोज**

गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेशको प्रवेशद्वार तनहुँको आँबुखैरेनीमा स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्र स्थापना गरेको छ । आँबुखैरेनी गाउँपालिका-४ पुलजीपमा मन्त्रालयले निगरानी केन्द्र स्थापना गरेको हो ।

निगरानी केन्द्रमा मुग्लिङ पुल हुँदै गण्डकी प्रदेश प्रवेश गर्ने हरेक सवारी साधनको नम्बर दर्ता गरिने र स्वास्थ्यको मापदण्ड पालना गरे/नगरेको परीक्षण गरिने आँबुखैरेनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमप्रसाद उपाध्यायले जानकारी दिनुभयो । "सबै यात्रुलाई जनस्वास्थ्यका मापदण्ड पालना गर्न लगाइनेछ, केही समस्या भए तत्कालै समाधान पनि गरिनेछ", उहाँले भन्नुभयो, "यसका साथै स्वास्थ्य सम्बन्धी सचेतना प्रदान पनि गरिनेछ ।"निगरानी केन्द्रमा हेल्थ असिस्टेन्टको नेतृत्वमा तीन स्वास्थ्यकर्मी खटाइएको छ । "निगरानी केन्द्रबाट कोरोनाको मात्र नभई हाल फैलिएको निपा भाइरस, सेतो पुतलीको प्रकोपलगायतका बारेमा यात्रुलाई जानकारी दिन्छौँ", उपाध्यायले भन्नुभयो। गाउँपालिका र मन्त्रालयको सहकार्यमा स्थापना गरिएको निगरानी केन्द्रको शुक्रबार शुभारम्भ गर्दै प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधु अधिकारीले कोरोना भाइरस नियन्त्रणका लागि प्रदेश सरकार गम्भीररुपमा लागिरहेको बताउनुभयो । गण्डकी प्रदेशका वासिन्दालाई कोरोना भाइरसबाट सुरक्षित राख्नका लागि निगरानी केन्द्र स्थापना गरिएको मन्त्री अधिकारीले जानकारी दिनुभयो। "निगरानी केन्द्र हेर्दाखेरी सानो लाग्छ, तर सारमा यसले महत्वपूर्ण काम गर्नेछ", उहाँले भन्नुभयो, "कोरोना भाइरस नियन्त्रण गर्दै यसबाट सुरक्षित रहनका निमित्त मुख्यतः छिमेकी देशबाट प्रवेश गर्दै गर्दा समुदायमा नफैलियोस् भन्नका लागि प्रवेश नाकामा निगरानी केन्द्र स्थापनाको निर्णय गरेका थियौँ ।" मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले हरेक व्यक्तिको स्वास्थ्यको निगरानी गर्न र सूचना प्रवाह गर्ने उद्देश्यले निगरानी केन्द्र स्थापना गरिएको बताउनुभयो। सरकारले नवलपुरको दाउन्ने र स्याङ्जाको रामदीमा पनि निगरानी केन्द्र स्थापना गर्ने उहाँले जानकारी दिनुभयो । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापा, बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, चितवनको इच्छाकामना गाउँपालिकाका अध्यक्ष गीता गुरुङ, गोरखाका पालुङटार नगरपालिका प्रमुख दीपक कँडेललगायतले स्वास्थ्य मापदण्ड पालना नै कोरोनाबाट बच्ने प्रमुख उपाय रहेको बताउनुभयो ।

# गुप्तेश्वर महादेव गुफा खुल्ला

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**

पहिलो पटक बारकोड टिकटको प्रयोग गर्दै पोखरा महानगरपालिका-१७ डेभिज फलस्थित प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य गुप्तेश्वर महादेव गुफा पर्यटकका लागि खुल्ला गरिएको छ ।

कोरोना कहरसँगै बन्द गरिएका धार्मिकपर्यटकीयगन्तव्ययहीअसोज १ गतेदेखि स्वास्थ्य मापदण्डसहित खुल्ला गरिने सरकारको निर्णयअनुसार शुक्रबारदेखि खुल्ला गरिएको गुफामा रु १५ लाखको लागतमा अत्याधुनिक बारकोड स्क्यानर गेट राखिएको छ । टिकटमा भएको बारकोड स्क्यान गरेपछि मात्र गेट खुल्ने भएकाले गुफामा दैनिक कति पर्यटक आए भन्ने विवरण लिन पनि सहज हुने भएको प्रचारप्रसार उपसमितिका सदस्य कृष्ण रानाभाटले जानकारी दिनुभयो । विसं २०७८ को सुरुआतमा नै ल्याउने तयारी गरिएको बारकोड स्क्यानर गेट बन्दाबन्दीका कारण सामान नआएकाले अहिले मात्र सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो ।


## तुरुन्त बिक्रीमा

चालु अवस्थामा रहेको पोखरा-१४ छिनेडाँडामा अवस्थित ओशो राइसमिल एण्ड कृष्ण स्टोर्स तुरुन्त बिक्रीमा छ । मूल्य आपसी समझदारीमा हुनेछ ।

सम्पर्क:
मो. ९८१६७७४५२४, ९८२६१९३२२५





## नेपालको संविधानका विशेषता

-सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान ।
-नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता ।
-संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ।
-धर्म निरपेक्ष राज्यव्यवस्था ।
-मानव अधिकार र विधिको शासनको प्रत्याभूति ।
-लोकतान्त्रिक मुल्यमान्यतामा आधारित संविधान ।
-समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको ।
-प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली ।
-संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था ।
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
– हजरत अली

## सम्पादकीय

# दल विषेश स्वार्थमा संविधानको व्याख्या

जनताका प्रतिनिधिले बनाएको संविधान जारी भएको छ वर्ष पुरा हुँदा पनि सबैले स्वागत गर्न सकेका छैनन् । संविधानसभाबाट संविधान जारी गर्दा बहिष्कार गर्ने मधेस केन्द्रीत दलहरू संघ, प्रदेश र स्थानीय थहको सरकारमा सहभागी, नेतृत्व गरिरहेका छन । संविधान संशोधनमा सबै दल एक ठाउँमा उभिएका थिए । संविधान गतिशील दस्तावेज भएको हुँदा असन्तुष्ट समुहलाई विश्वासमा लिन संशोधन गर्न सकिन्छ । केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गर्दा संविधान जोगाउन लागेको जनता समाजवादी संविधान दिवसको बिरोधमा छ संविधानलाई आफ्नो अनुकूल चलाउन खोज्ने प्रवृत्ति बढ्दै गएको छ । संविधानको व्याख्या गर्ने सर्वोच्च अदालतले दल बिषेशको आधारमा गर्दा संविधान नचाहने शक्तिलाई फाइदा पुगेको छ संविधान आवश्यकता र औचित्यका आधारमा संशोधन गर्न सकिने प्रयोग भएको छ ।

संविधानको पालना गर्दै जाँदा नै स्वीकार्य हुँदै जान्छ संशोधनलाई दल विशेष र शक्ति केन्द्रको स्वार्थ पुरा गराउन खोज्दा संविधानलाई नरुचाउनेलाई बल पुगेको छासंविधानले व्यवस्था गरेका संबैधानिक आयोगमा पदाधिकारी नियुक्त हुँदा जस्तो प्रकृया अपनाइएको थियो त्यो कति उचित हो बहसको विषय बनेको छ । संविधानसभाबाट संविधान जारी गर्दा पक्षलाई मनाउन संबैधानिक आयोगको ब्यवस्था गरिएको थियो । त्यसलाई कार्यान्वयनमा लैजाने क्रममा अवरोध पुर्याउन खोज्नेले जटिल बनाउन खोजेका हुन् । संविधानको कार्यान्वयन भनेको स्थानीय, प्रदेश र संघीय सरकारले कानुन बनाएर शासन संचालन हो।जुन कार्यान्वयनमा आईसकेको छ । संविधान जिवन्त दस्तावेज भएको हुँदा त्यसमा संशोधन हुँदै जान सक्छ । नेपाली जनताको दिगो शान्ति र राजनीतिक स्थिरताको चाहनालाई संविधानले केही हदसम्म पुरा गरेको छ । संविधानले संघीय लोकतान्त्रिक, गणतन्त्रलाई संस्थागत गरेको छ । सार्वभौमसत्ता राज्य शक्तिको श्रोत जनता नै हुन् भन्ने संविधानले स्थापित भएको छ ।

समानुपातिक, समावेसी प्रतिनिधित्वलाई संविधानले अंगीकार गरेको छ । देश धर्मनिरपेक्ष भएको छ । विभिन्न जातीय समुदायको संसदमा प्रतिनिधित्व छ । महिला सहभागितालाई उत्कृष्ट नै मान्नुपर्छ । प्रतिनिधिसभामा ३२.७ प्रतिशत, राष्ट्रियसभामा ३७ प्रतिशत र प्रदेशसभामा ३४ प्रतिशत महिला सहभागिता छ । स्थानीय तहमा ४० प्रतिशत भन्दा वढी नै छ । नेपालमा वनेका ७ वटा संविधान मध्ये ६ वटा संविधान जनताले आफै बनाएका थिएनन् । केहि विज्ञले तयार पारेर राजा महाराजले जारी गरेका थिए । संविधानसभाले जारी गरेको संविधान अरु संविधानभन्दा धेरै फरक छ । यसमा जनताको व्यापक सहभागिता छ । संविधान सभाका लागि हजारौ नेपाली जनताले आफ्नो जीवन उत्सर्ग गरेका छन् । वषौदेखिको आन्दोलन, संघर्ष, तपस्याको फल संविधान सभाबाट संविधान घोषणा हो । विश्वका अन्य मुलुक जस्तै लोकतान्त्रिक सहभागिता मुलक संविधान बनेको छ । विश्वका धेरै मुलुकले नेपालको संविधानलाई स्वागत गरेका छन् । छिमेकी मुलुक भारतले पनि घुमाउरो तरिकाले स्वागत गरेको छ ।

अव देशलाई समृद्धिको दिशामा अघि बढाउन, संविधान कार्यान्वयन गने पात्रहरुको भूमिका महत्वपूर्ण हुन्छ । राजनीतिक नेतृत्वमा लोकतान्त्रिक आचरण र राज्यसंयन्त्र त्यही अनुसार चल्न सक्नुपर्दछ । लोकतान्त्रिक चरित्र अनुसार चल्न सकेमा संविधानको बिरोधमा लाग्नेहरुलाई कम्जोर बनाउन सकिन्छ । अहिले पनि एकात्मक सोच र सामन्ती संस्कारले गर्दा चुनौति थपिएका छन् । जनताले खोजेको आर्थिक विकास र समृद्धीको बाटोमा जानको लागि गलत चिन्तन र संस्कार वोकेका विरुद्ध जनतालाई परिचालित गर्नुपर्ने खाचो छ । नेपालमा राजनैतिक स्थिरता कायम गर्दै जनताको आर्थिक विकास र सम्वृद्धिको बाटोमा लाग्नु संविधानको मुल मर्म हो । सधै अरुको खेलौना बन्ने काम छोडेर जनताको चाहनाको पुरा गर्ने तर्फ लाग्नु संविधानको पालना र कार्यान्वयन हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मन चञ्चल |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : कार्यमा सफलता |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेपाल अमेरिकासँग पराजित

रासस
काठमाडौं, २ असोज

आइसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिजमा नेपाल अमेरिकासँग छ विकेटले पराजित भएको छ ।

ओमानको अल अमिरात क्रिकेट मैदानमा गए राति सम्पन्न खेलमा नेपालले जितका लागि दिएको १७५ रनको लक्ष्य अमेरिकाले २९ दशमलव तीन ओभरमा चार विकेट गुमाएर पूरा गर्यो । नेपाल अमेरिकासँग एकदिवसीयमा पहिलो पटक पराजित भएको हो । अमेरिकाको जितमा स्टेभेन टेलरले ९२ रनको अर्धशतकीय इनिङ्स खेले । उनले ६३ बलमा १२ चौका र तीन छक्का प्रहार गरे । यस्तै मोनान्क पटेलले अविजित ३८ रन जोड्दा जस्करण मल्होत्राले अविजित ३६ रन बनाए । सुसान्त मोदानीले दुई रन जोडे ।

नेपालका सन्दीप लामिछाने र करण केसीले २/२ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४८ ओभरमा सबै विकेट गुमाउँदै १७४ रनको योगफल बनाएको थियो । नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले ५५ रनको अर्धशतकीय इनिङ्स खेले । उनले १०५ बलमा तीन चौका प्रहार गरे । ओपनर कुशल भुर्तेलले ३६ रन जोड्दा डेब्यु खेलाडी गुलशन झाले २८ रन बनाए । त्यस्तै करण केसीले १२, विनोद भण्डारीले १० तथा रोहित पौडेल र सोमपाल कामी २/२ रनमा आउट भए ।

ओपनर आसिफ शेख पनि तीन रनमा आउट भए । सन्दीप लामिछाने ११ रनमा आउट हुँदा सुशन भारीले अविजित दुई रन जोडे । अमेरिकाका कप्तान सौरभ नेत्राभाल्करले चार विकेट लिए भने केली फिलिपले तीन विकेट लिए ।

त्यस्तै करिमा गोर, एल्मोर हुचिन्सन, नास्टुश केनिजेगेले एक/एक विकेट लिए । यसअघि सोमबार भएको पहिलो खेलमा नेपालले अमेरिकालाई पाँच विकेटले पराजित गरेको थियो । दोस्रो खेलमा नेपाल ओमानसँग पाँच विकेटले पराजित हुन पुगेको थियो । नेपालले अन्तिम खेल ओमानसँग आइतबार खेल्नेछ ।

# स्पोर्टस् क्यासल र दी राइजिङ धरानको विजयी सुरुआत

पोखरापत्र संवाददाता
पोखरा, २ असोज

पोखरामा शनबारदेखि ‘ए’ डिभिजन राष्ट्रिय फुटसल लिग सुरु भएको छ । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा पोखरा रङ्शगालाभित्रको बहुउद्देशीय कर्भडहलमा सञ्चालन भएको आजको खेलमा गण्डकी प्रदेशको स्पोर्टस् क्यासल पोखरा र दी राइजिङ धरानले विजयी सुरुआत गरेका छन् ।

खेलमा स्पोर्टस् क्यासलले प्रभातफेरी युथ क्यासललाई ७-० गोलअन्तरले पराजित गर्न सफल भयो । स्पोर्टस् क्यासलका सुमित श्रेष्ठ र खिमराज गुरुङले समान दुई गोल तथा किशोर गुरुङ, दीपेश घले र विजय गुरुङले एक/एक गोल गर्नुभयो । यसैगरी दी राइजिङ धरानले मच्छिन्द्र स्काइ गोललाई ५-४ गोलअन्तरले पराजित गरी जितको खाता खोल्न सफल भयो । राइजिङका रिओस मास्केले दुई र मिलन लिम्बू, दोर्जे तामाङ र सुदीप गुरुङले एक/एक गोल गर्नुभयो । मच्छिन्द्रका श्रीकृष्ण श्रेष्ठले ह्याट्रिक गरे पनि टोलीलाई जिताउन सक्नुभएन । मच्छिन्द्रका आशिस सुनमले एक गोल गर्नुभयो । नेपालमा पहिलोपटक आयोजना गरिएको फुटसल लिगमा देशका सात प्रदेशबाट गरी १० टोलीले सहभागिता जनाएका छन् । खेल राउण्ड रोबिन प्रणालीका आधारमा खेलाइने आयोजकले जनाएको छ । प्रतियोगिताले फुटसल खेलको विकास र खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने एन्फा फुटसल कमिटीका संयोजक रत्नकुमार श्रेष्ठले बताउनुभयो । लिगको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । लिगको उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीलाई जनही रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । यसैगरी प्रत्येक खेलमा ‘म्यान अफ दि म्याच’ घोषित खेलाडीलाई रु पाँच हजारका दरले पुरस्कार प्रदान गरिने बताइएको छ ।

# मल्कवाङमा तामाखानीको सम्भाव्यता अध्ययन

पोखरापत्र संवाददाता
म्याग्दी, २ असोज

धौलागिरि गाउँपालिका-५ मल्कवाङस्थित तामाखानीको सम्भाव्यता अध्ययन गरिएको छ । एक शताब्दीअघि बन्द भएका तामाखानीको संरक्षण र उत्खनन् गर्न खानी तथा भूगर्भ विभागले अध्ययन प्रक्रिया थालेको हो ।

दुईचिनियाँप्राविधिकसहितको टोलीले खानी रहेका ठाउँको अध्ययन गरेको मल्कवाङका वडाध्यक्ष खर्ककुमारी छन्त्यालले जानकारी दिनुभयो । “टोलीले भौगोलिक अवस्था र सुरुङबारे अध्ययन गरेको छ”, उहाँले भन्नुभयो, “थप अध्ययनका लागि उपकरणसहित टोली फेरी आउने छ ।” टोलीले मल्कवाङको ओखरबोट, हिलेखानी र खवाडस्थित तामाखानीको अध्ययन गरेको छ ।

बन्द तामाखानी हाल बेवारिसे अवस्थामा छन् । मल्कवाङ नजिकै तामा उत्खनन् गर्न खनिएका दर्जनौं सुरुङ संरक्षणको अभावमा बाढीले पुरिँदै छन् । सरकारले तामाखानीको संरक्षण, अनुसन्धान, व्यवस्थापन र उत्खननप्रति चासो देखाएपछि स्थानीयवासी उत्साहित छन् । स्थानीय लालबहादुर छन्त्याल आफ्नो समुदाय परम्परागत पेशामा पुनः फर्किने बताउनुहुन्छ । तामाखानी उत्खनन् गरिए नयाँ पुस्तामा प्रविधि, ज्ञान र सीप हस्तान्तरण हुने उहाँको विश्वास छ । विगतमा मल्कवाङको खानीबाट उत्खनन् भएको तामालाई दलित समुदायले आरनमा प्रशोधन गरेर भाँडाकुँडा बनाई म्याग्दी, बागलुङ, पर्वत, कास्कीलगायत ठाउँमा लगेर बिक्री गरी जीविकोपार्जन गर्दै आएका थिए । धातुका सिक्का बनाउनसमेत तामा प्रयोग हुने गर्दथ्यो । तामाखानीको सम्भाव्यता अध्ययनसँगै उत्खननको वातावरण बन्नेमा स्थानीय अमर छन्त्याल ढुक्क हुनुहुन्छ । गुर्जा, मच्छिम, कुहुँनेमझुले र ओखरबोटमा समेत तामाखानी छ ।

खानी उत्खनन् र सुरुङ खन्नका लागि आधुनिक उपकरण तथा प्राविधिको विकास, विद्युत् र सडक पूर्वाधारको पहुँच विस्तार भएकाले सजिलो हुने अपेक्षा गरिएको छ । तामाखानीको सम्भाव्यता अध्ययनका लागि गाउँपालिका र जनप्रतिनिधिले पहल गरेका थिए । तामाखानी सञ्चालन गर्न सकेमा रोजगारी सिर्जना हुने वडाध्यक्ष छन्त्यालको भनाइ छ ।

# अखिल अध्यक्षमा सुनिता बराल चयन

रासस
काठमाडौं, २ असोज

नेकपा (एमाले) निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु अध्यक्षको जिम्मेवारी सुनिता बराललाई दिइएको छ ।

ललितपुरस्थित तुलसीलाल स्मृति प्रतिष्ठानमा भएको केन्द्रीय सचिवालय बैठकले केन्द्रीय कमिटीलाई पुनःगठन गर्दै बराललाई अध्यक्षमा निर्वाचित गरेको हो । निवर्तमान अध्यक्ष ऐन महरले बैठकमा राजीनामा दिएपछि बराललाई अध्यक्षतामा ४०६ सदस्यीय केन्द्रीय कमिटी पुनःगठन गरेको सचिवालय सदस्य नारायण घर्तीले जानकारी दिनुभयो । पुनःगठित केन्द्रीय कमिटीले नै आगामी अखिलको २३औं महाधिवेशन गराउने उहाँले बताउनुभयो । यस्तै उहाँका अनुसार बैठकले आगामी चैत २४ देखि २६ गतेसम्म अखिलको २३औं महाधिवेशन गर्ने निर्णय गरेको छ । अहिलेको महाधिवेशन विसं २०७३ यता हुनसकेको थिएन ।

नवनिर्वाचित अध्यक्ष बराल अखिलको केन्द्रीय सदस्य, सचिवालय सदस्य, सचिव र उपाध्यक्ष भइसक्नुभएको छ । उहाँ अखिलमा महिलाबाट अध्यक्ष बन्ने तेस्रो हुनुहुन्छ । यसअघि रामकुमारी झाँक्री र नवीना लामा पनि अखिलको अध्यक्ष भइसकेका छन् । त्यस्तै सङ्गठनको वरिष्ठ उपाध्यक्षमा आरसी लामिछाने र महासचिवमा समिक बडालले जिम्मेवारी पाएका छन् । अखिलबाट निवर्तमान अध्यक्ष ऐन महर, उपाध्यक्ष रश्मी आचार्य, महेश बर्तौला र शैलेश लामाले बिदा लिएका छन् ।

# थप एक हजार ६६ मा संक्रमण पुष्टि, १६ को मृत्यु

रासस
काठमाडौं, २ असोज

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार हजार ६६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय ११ हजार ३८५ परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सात लाख ८३ हजार ९१० पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ८८ हजार ८९० रहेको छ । पछिल्लो समय थप एक हजार २३४ जना निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या सात लाख ४८ हजार ८०० पुगेको छ । निको हुनेदर ९५ दशमलव चार प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ । हाल नेपालमा २३ हजार ६३६ जना होमआइसोलेशन, एक हजार ४४६ संस्थागत आइसोलेशनमा रहेका छन् । त्यसैगरी ३८९ आइसीयू र १२१ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या २३ हजार ६३६ जना रहेको छ । हाल क्वारेन्टिनमा रहनेको सङ्ख्या २४६ रहेको छ ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार २८ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप १६ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्युदर १.५ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ७० हजार ३१७ जनाले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८६/०३/१० गते
स्वर्गारोहणः
वि.स. २०७८/०४/३२ गते
स्वः पितम कुमारी गुरुङ



जन्मः
वि.स. २०१२/११/०९ गते
स्वर्गारोहणः
वि.स. २०७४/०७/०८ गते
स्वः लक्ष्मी कुमारी गुरुङ

यस म्लों ह्रों कोने परिवारका जेष्ठ सदस्य **पितम कुमारी गुरुङ** तथा उहाँको बुहारी यस म्लों ह्रों कोने परिवारका सक्रिय सदस्य **लक्ष्मी कुमारी गुरुङ** को असामयीक निधनले यस परिवार स्तब्ध भएका छौं । आज पितृ कार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि बुद्ध भगवानमा कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवं**
**म्लों ह्रों कोने परिवार**
**पोखरा**

# बिस्तारै उठ्दै छ बाढीले बगाएको मनाङ

-नवीन लामिछाने
**मनाङ, २ असोज (रासस)**

हिमाली जिल्ला मनाङ त्यसै पनि विकट छ । त्यसैमा पनि यस वर्ष आएको बाढीपहिराका कारण अझ जोखिम र विकट बनेको छ । देश सङ्घीयतामाा प्रवेश गरेपछि यहाँका स्थानीय तहले चार वर्ष लगाएर बनाएका विकासका संरचना बाढीपहिराले ध्वस्त बनाइदिएको छ।

मर्स्याङ्दी नदीमा आएको बाढी र पहिराले मनाङको मेरुदण्ड मानिने डुम्रे-बैंसीशहर-चामे सडकखण्ड पूर्णरूपमा क्षति पुगेको छ। बाढीपहिराले क्षति पुऱ्याएको तीन महिना पूरा भएपछि अहिले भने एकाध भागमा सवारीसाधन चल्न थालेका छन्। केही ठाउँमा भने सडकको निसाना नै नहुँदा नयाँ ट्र्याक बनाउने काम भइरहेको छ।

डुम्रे-बैँसीशहर-चामे सडकखण्डअन्तर्गत लमजुङको बैंसीशहरदेखि मनाङको खोत्रोसम्म सवारी सञ्चालन भएको छ तर बीचको १५ किलोमिटर भाग पूर्णरूपमा अझै पनि अवरुद्ध छ । सदरमुकाम चामेमा सवारी सञ्चालन भएको छ भने माथिल्लो मनाङमा पनि सवारी चलेका छन्।

तल्लो र माथिल्लो मनाङ जोड्ने मनाङ डिस्याङ गाउँपालिका-१ स्थित तलेखु- भ्राताङ भिरलाई फोडेर नयाँ ट्र्याक निर्माणको काम भइरहेको डुम्रे-बैंसीशहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युत विलास पन्तले जानकारी दिनुभयो । माथिल्लो मनाङ जाने सडकअन्तर्गतको तलेखु-भ्राताङ भिरमा बम ब्लाष्टिङ गर्ने सबै सामग्री उपलब्ध गराउँदै काम पनि भइरहेको उहाँले बताउनुभयो। बैंसीशहर-चामे सडक खण्डको १०७ किलोमिटरमध्ये लमजुङको बैंसीशहरदेखि नासौं गाउँपालिका-१ खोत्रोसम्मको ३५ किलोमिटर सडक निर्माण भइसकेको छ।

त्यस्तै चामे गाउँपालिकामा स्थानीयसहितको सहयोगमा पालिकामा पूरै सवारी सञ्चालन भएको उहाँले बताउनुभयो। चाडपर्व नजिकिएसँगै सामग्री ढुवानी, आवतजावतमा सहज बनाउनका लागि सडक मर्मत तथा सम्भारलाई तीव्रता दिइएको उहाँले बताउनुभयो । बाढीपहिराको जोखिममा पनि उत्पादित खाद्यवस्तु बजारसम्म पुऱ्याउनसमेत सहज हुनेछ । बैंसीशहर-चामे-खाङ्सार सडकखण्ड १०७ किलोमिटरमध्ये धेरै स्थानमा बाढीपहिराले क्षति पुऱ्याएको छ। सडक सञ्जालबाट विच्छेद भएको मनाङमा सडक बन्न थालेपछि भौतिक संरचना निर्माण छिटो हुन्छ। सडक सहज नहुँदा बाढीपहिराबाट क्षति भएका मनाङका भौतिक संरचना निर्माण हुन सकेको छैन । सडक नबन्दा सामग्री ढुवानीमा समस्या भएको छ। पूर्ण रूपमा सडक सञ्चालनमा आएपछि बाढीपहिराले क्षति पुऱ्याएका भौतिक संरचना निर्माण छिटो हुने बताइएको छ।

सामग्री ल्याउन सहज भएपछि बाढीपहिराले क्षति पुगेका भौतिक संरचना निर्माणले तीव्रता पाउनेछ । दशैंसम्ममा चामेसम्म सडक सञ्चालन गराउने प्रयासमा रहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । सडक सञ्चालन गराउन सके यहाँका सामाजिक तथा व्यक्तिगत भौतिक संरचना निर्माण गर्न सहज हुने उहाँले बताउनुभयो। बाढीपहिराको जोखिमयुक्त हिमाली जिल्ला मनाङमा स्वास्थ्य सेवा प्रवाहमा समस्या छ। बाढीपहिराका कारण विद्युत् आपूर्ति अवरुद्ध हुँदा स्वास्थ्य सेवाबाट सर्वसाधारण वञ्चित हुने अवस्था छ। आधार भूत आवश्यकता पूरा गर्न टेवा पुऱ्याउने सौर्य उर्जाले मात्रै धान्न नसक्दा समस्या उत्पन्न भएको हो।

बाढीपहिराले मनाङमा विद्युत् आपूर्ति हुन नसक्दा स्वास्थ्य सेवा प्रत्यक्ष प्रभाव परेको जिल्ला अस्पतालका जनस्वास्थ्य निरीक्षक रहमत अन्सारीले जानकारी दिनुभयो । "विद्युत् आपूर्ति नहुँदा जेनेरेटरको सयहोग चलाइरहेका छौँ", उहाँले भन्नुभयो, "जेनेरेटर सञ्चालनका लागि इन्धन आपूर्ति गर्न मुस्किल छ । हेलिकप्टरबाहेक इन्धन ल्याउने अरु विकल्प छैन। यहाँका सर्वसाधारणलाई विद्युत् नहुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको छ।" विद्युत् आपूर्ति सहज नहुँदा सौर्य ऊर्जा र जेनेरेटरले मात्रै धान्न मुस्किल छ। जेनेरेटर चलाउनका लागि सडक सहज नहुँदा तेल अभावले समस्या निम्त्याएको छ । विकट हिमाली जिल्ला मनाङमा बाढीपहिरा गएको तीन महिना पुगेको छ। गत जेठ १४ र असार १ मा आएको बाढीपहिराले मनाङको सडक पूर्णरूपमा अवरुद्ध छ । अवरुद्ध सडक मर्मत तथा सम्भार र निर्माणको काम नभएपछि यातायात, विद्युत्, सञ्चार क्षेत्र पूर्ण रूपमा प्रभावित छन् । लामो समयदेखि सडक सञ्जाल निर्माण नहुँदा दक्षिण कोरियामा रहँदै आएका मनाङको चामेवासी युवाको सहयोगमा हेलिकप्टर चार्टर गरी जलविद्युत्का सामग्री ढुवानी गरिएको छ।

तीन महिनादेखि डुम्रे-बैंसीशहर-चामे सडकखण्ड पूर्णरूपमा अवरुद्ध छ। सडकमार्फत् सवारीसाधन मात्रै नभई बटुवासमेत आवतजावत गर्नसक्ने अवस्थामा छैन। लघु जलविद्युत् आयोजनामा निर्भर मनाङमा अन्धकार हटाउन रोजगारीको सिलसिलामा दक्षिण कोरियामा रहँदै आएका युवाले सहयोग पुऱ्याएका छन्।

राष्ट्रिय विद्युत् प्रसारण लाइनसँग जोडिए पनि विद्युत् प्राधिकरणमा बाढीपहिराले क्षति पुऱ्याएको छ। बाढीपहिराले क्षति पुऱ्याएको जलविद्युत् मर्मत तथा सम्भारका लागि हेलिकप्टर चार्टर गरी आवश्यक सामग्री ढुवानी गरिएको हो।

बाढीपहिराको जोखिममा परेको विकट हिमाली जिल्ला मनाङका कर्मचारी कार्यालय फर्कन सकेका छैनन् । आर्थिक वर्षको अन्तिममा काम सकाएर घर बिदा तथा काज जिल्ला बाहिर गएका कर्मचारी फर्किन सकेका छैनन् । बाढीपहिराले बैंसीशहर-चामे सडक अवरुद्ध भएपछि खाद्यान्न तथा अत्यावश्यक सामग्री लिएर आएको हेलिकप्टर फर्किँदा घर गएका कर्मचारी हालसम्म फर्किन सकेका छैनन्।

घरबाट कार्यालय जान हिँडेका मनाङका कर्मचारी आधा बाटोमा नै अलपत्र परेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । "बाढीपहिरा र आर्थिक वर्षको अन्तिम काम सकेर घर बिदामा गएका कर्मचारी फर्किन सकेका छैनन् । सबै कर्मचारी घर बिदामा गएका पनि होइनन् । मनाङको सडक अवरुद्ध हुँदा कार्यालयसम्म पुग्न नै सकस भएको छ", उहाँले भन्नुभयो। बेसीशहर-चामे सडक खण्डको केही भागमा सडकको निसानासमेत बाढीपहिराले बगाएको छ। मनाङ अहिले सौर्य ऊर्जाको भरमा छ। गण्डकी प्रदेश सरकारकोसहयोगमामनाङकासरकारी कार्यालयमा सोलार प्यानल, इन्भर्टर र ब्याट्रीमार्फत सेवा प्रवाह भइरहेको छ । विद्युत् नहुँदा अस्पतालमा उपचार सेवा र सरकारी काम प्रभावित भएकाले सहजताका लागि सौर्य ऊर्जा खरिद गरी पठाएको र सौर्य ऊर्जाको भरमा नै सरकारी कार्यालयहरू सञ्चालन भइरहेको प्रमुख जिल्ला अधिकारी लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, प्रहरी कार्यालय लगायतका सरकारी कार्यालयहरूमा सौर्य उर्जा जडान गरिएको छ। सौर्य ऊर्जा जडान गरी सेवा र सूचना प्रवाहलाई प्रभावकारी बनाउन सौर्य ऊर्जा, इन्भर्टर र ब्याट्री पठाएको मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पठाउनुभएको थियो । प्रदेश ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले करिब रु १९ लाखको सामान खरिद गरी हेलिकोप्टरमार्फत् चामे पठाएको थियो।

हिउँदमा हिमपातले समस्या हुने मनाङले यस पटक वर्षायाममा पनि सङ्कट झेलेको छ । हिउँदताका बाक्लो हिमपात हुँदा चिसो बढ्ने र आवतजावत अवरुद्ध हुने जस्ता समस्या भोग्दै आएको थियो तर हिमाली जिल्ला मनाङले यसवर्ष बाढीपहिराको विपद् खेप्नुपरेको छ। पछिल्लो केही दिन वर्षा रोकिँदा थोरै भए पनि राहतको सास फेर्न पाए पनि कुन बेला नदीको बहाव बढेर आउने हो भन्ने चिन्ता छ । जसले गर्दा मनाङवासी त्रासैत्रासमा जीवनयापन गर्न बाध्य भएको स्थानीय बताउँछन् । प्राकृतिक विपद् सामना गर्नुपरेको यो जिल्लाले मनसुनको अझै बाँकी रहेकोले थप पीडा भोग्नुपर्ने हो की भन्ने त्रासमा मनाङवासी छन्।

बाढीपहिराले विपद्मा परेका मनाङवासीलाई खाद्यान्न अभाव पूर्ति गर्नका लागि थोराङ्ला पास गराएर ल्याउने तयारी गरिएको प्रमुख जिल्ला अधिकारी लामिछानेले बताउनुभयो । लामो समयदेखि सडक सञ्जालको मर्मत तथा सम्भार र निर्माण गर्न नसक्दा सामान ढुवानीमा समस्या भएको छ । हेलिकप्टरबाट मात्रै सामग्री ल्याउन र लैजान सकिने मनाङ पुऱ्याउन सकिन्छ। मनाङमा उत्पादित वस्तु बजारसम्म पुऱ्याउन समस्या हुनुका साथै मर्मतसम्भारका सामग्री ढुवानीमा पनि हेलिकप्टरबाहेक अरु कुनै विकल्प छैन । सामग्रीसहित यहाँ उत्पादित वस्तु बजारमा पुऱ्याउन पनि हेलिकप्टरको प्रयोग गर्नुपर्ने अवस्था रहेको छ। हेलिकप्टरबाट बजारमा पुऱ्याएको सामग्री महँगो पर्ने र विदेशबाट आएका सामग्री सस्तो मूल्यमा पाउने देखिएको छ । यसको समाधानका लागि सडक सञ्जाल निर्माणलाई तीव्रता दिनुपर्ने भए पनि सरकारको विभिन्न निकायले ध्यान पुऱ्याउन सकेको छैन।

# कुँडहर सहकारीको १३ औं साधारणसभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ असोज**



पोखरा महानगरपालिका वडा नं १० स्थित कुँडहर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३ औं साधारणसभा सम्पन्न भएको छ।

साधारण सभाले अध्यक्ष विश्वबन्धु थापा, कोषाध्यक्ष शुक्रराज अधिकारी र लेखा सुपरिवेक्षण समितिका सदस्य गुरु प्रसाद ज्ञवालीले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको छ । त्यस अवसरमा उत्कृष्ट ऋणिका रुपमा भरत बराल र उत्कृष्ट बचतकर्ताका रुपमा पार्वती पोखेललाई सम्मान गरिएको थियो।

त्यस्तै शेयर सदस्य बलराम तिमिल्सिनाको निधन भएकोमा दुःख व्यक्त गर्दै सदस्य हित कोषबाट परिवारलाई १० हजार प्रदान गरिएको थियो । कार्यक्रम उद्घाटन गर्दै सहकारी रजिष्टार कार्यालय गण्डकी प्रदेशका रजिष्टार उदय बहादुर पराजुलीले सहकारीमा सबै सदस्यको सहभागिता र योगदान समान रहने उल्लेख गर्नुभयो। जिल्ला सहकारी संघ कास्कीका राष्ट्रिय प्रतिनिधि दीपक प्रकाश आचार्यले नीतिले चल्ने संस्था मात्र दीगो हुने बताउनुभयो । कुँडहर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विश्वबन्धु थापाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शिव बहादुर बराल, सचिव सुरेन्द्रविनोद खनाल र शेयर सदस्य तोयनाथ लामिछानेले बोल्नुभएको थियो।

# कोभिड-१९ बाट हालसम्म स्याङ्जाका १२१ को मृत्यु

**पोखरापत्र संवाददाता**
**वालिङ, २ असोज**

कोभिड-१९ को सङ्क्रमणबाट हालसम्म स्याङ्जाका १२१ जनाको मृत्यु भएको छ। कोभिड-१९ को पहिलो र दोस्रो लहरबाट जिल्लामा ६१ पुरुष र ३७ महिलाको ज्यान गएको हो भने अन्यको उपचारका क्रममा जिल्लाबाहिर मृत्यु भएको हो । एघार स्थानीय तहमध्ये सबैभन्दा बढी वालिङ नगरपालिकामा कोरोना सङ्क्रमणबाट २७ जना जनाको मृत्यु भएको छ। सबैभन्दा कम फेदीखोला गाउँपालिकामा एकको ज्यान गएको छ । यस्तै कोरोनाबाट गल्याङ नगरपालिकामा २६, पुतलीबजारमा १४, कालीगण्डकी गाउँपालिकामा सात, अर्जुनचौपारी र हरिनासमा ६/६, भीरकोट नगरपालिकामा पाँच, चापाकोटमा तीन तथा आँधीखोला र बिरुवा गाउँपालिकामा दुई दुई जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख बसुन्धरा शर्माले जानकारी दिनुभयो।

जिल्लामा शुक्रबारसम्म तीन हजार ७२८ पुरुष र तीन हजार १० महिला सङ्क्रमित भएका छन्। हाल जिल्लामा ९८ पुरुष र ८१ महिला गरी १७९ सक्रिय सङ्क्रमित छन्।

हालसम्म तीन हजार ५६८ पुरुष र दुई हजार ८९१ महिला निको भई घर फर्किएका शर्माले जानकारी दिनुभयो । जिल्लामा हाल १७७ सङ्क्रमित होम आइसोलेसनमा छन् । जिल्लामा हालसम्म ७९ हजार ९८ जनाले खोपको पहिलो मात्रा लगाएका छन् भने ६१ हजार नौ जनाले खोपको पूर्ण मात्रा लगाएका छन्।

# बागलुङमा ३६ प्रतिशत नागरिकलाई पूर्ण खोप

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ असोज**

कोरोनाविरुद्धको खोप अभियान सञ्चालन भएयता जिल्लामा हालसम्म ३६ प्रतिशत नागरिकले पूर्ण खोप लगाएका छन् । स्वास्थ्य कार्यालय बागलुङले सार्वजानिक गरेको तथ्याङ्कानुसार जिल्लामा १८ वर्षमाथिका ३६ प्रतिशत नागरिकले कोरोनाविरुद्धको पूर्ण खोप प्राप्त गरेका छन् । त्यसैगरी जिल्लामा हालसम्म ४२ प्रतिशत नागरिकले पहिलो डोज प्राप्त गरिसकेको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंले जानकारी दिनुभयो।

स्वास्थ्य कार्यालयका अनुसार हालसम्म १८ वर्षमाथिका कक्षा ११ र १२ अध्ययन गर्ने दुई हजार ६६६ विद्यार्थीले कोरोनाविरुद्धको खोप लगाएका छन् । जिल्लामा कूल ६६ हजार ९९२ जनाले पहिलो डोज खोप लगाएका छन् भने ५६ हजार ७०८ नागरिकले पूर्ण खोप प्राप्त गरेको कार्यालय प्रमुख गुरौंले बताउनुभयो । जिल्लामा अघिल्लो वर्षको तुलनामा प्रसूतिपश्चात हुने जाँच गर्ने महिलाको सङ्ख्या भने बढ्दै गएको छ। अघिल्लो वर्षदेखि सुत्केरीपश्चात स्वास्थ्यकर्मीद्वारा नै घरभेट कार्यक्रम सञ्चालन भएसँगै आव २०७६/७७ मा ११ प्रतिशत रहेकामा गत आवमा १८ प्रतिशत पुगेको गुरौंले बताउनुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : १९९१ जेष्ठ १५ गते

स्वर्गारोहण : २०७८ भाद्र ३० गते

**स्व. राज कुमारी तफ्र्या**

हाम्रा आदरणीय मित्र श्री रमा भगवती सिं गुठी पोखराका सदस्य पोखरा-८ सभागृह चोक निवासी स्व.गोपाल प्रसाद तफ्र्याका धर्मपत्नी संस्थाका सदस्य ध्रुब प्रसाद तफ्र्या तथा माधव प्रसाद तफ्र्या, हरि प्रसाद तफ्र्या, कृष्ण प्रसाद तफ्र्या, शिब प्रसाद तफ्र्याका ममतामयी माता पवित्र तफ्र्या र उषा तफ्र्याका सासुआमा **राज कुमारी तफ्र्या** को ८७ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकोमा हामी श्री रमा भगवती सिं गुठी परिवार अति मर्माहत भएकाछौं। यस दुःखद घडीको आज पाचौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**
**नायो: (अध्यक्ष)**

**श्री रमा भगवती सिं गुठी परिवार पोखरा**

# राष्ट्रपतिद्वारा ५२३ कैदीबन्दीलाई माफी

**रासस**
**काठमाडौं, २ असोज**

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार विभिन्न आठ कैदीबन्दीको सजाय माफी दिनुभएको छ।

राष्ट्रपति कार्यालयका अनुसार संविधान दिवसका अवसरमा मन्त्रिपरिषद्को भदौ २९ गतेको सिफारिसका आधारमा राष्ट्रपतिले पूर्णबहादुर भनिने किशोर भण्डारीसमेतका आठ जनाको विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम लागेको कैद सजाय माफी गर्नुभएको हो।

त्यस्तै हर्कबहादुर राईसमेत ५२३ जना कैदीको भुक्तान हुन बाँकी कैद कट्टा गरी माफी मिनाहा भएको छ। नेपालको संविधानको धारा २७६, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३, सर्वोच्च अदालतले २०७७ साउन १९ गते गरेको फैसलालगायतका आधारमा मन्त्रिपरिषद्को सिफारिसमा उनीहरुको कैद मिनाहा गरी माफी दिइएको हो।

# कोरोनाले बढायो स्वास्थ्य सचेतना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ असोज**

कोरोनाका कारण नागरिकमा स्वास्थ्यप्रतिको चासो बढ्दै गएको छ। पछिल्लो समय स्वास्थ्य चेतना बढ्दै जाँदा कोरोना सङ्क्रमण दर मात्रै होइन, सरुवा रोगसमेत घट्दै गएको स्वास्थ्यकर्मीले बताएका छन्।

कोरोना सङ्क्रमण फैलन थालेको पछिल्लो दुई वर्षयता सरुवा रोगमा कमी आएको स्वास्थ्य कार्यालयले जनाएको छ । कोरोनाबाट बच्न स्वास्थ्य सुरक्षा अपनाउने, नियमित हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने, घरमै बनाएको परिकार खान थालेपछि सरुवा रोगमा पनि कमी आएको बागलुङ नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले बताउनुभयो । तथ्याङ्कमा यकिन सङ्ख्यामा यति कमी भयो भन्ने नभए पनि पछिल्लो दुई वर्षयता झाडापखाला, आऊ, हैजा र टाइफाइडको बिरामी नगन्य मात्रामा मात्रै फेला परेको उहाँको भनाइ छ। "अस्पतालमा उपचारका लागि आउने बिरामीको रोग हेर्दासमेत यस्ता कुरा सहजै स्वास्थ्यकर्मीले अनुमान लगाउन सकिन्छ, अहिले टाइफाइड, झाडापखाला, आऊ र हैजाजस्ता रोगका बिरामी निकै कम आएको पाइयो", स्वास्थ्यकर्मी खनालले भन्नुभयो, "कोरोनाका कारणभन्दा पनि कोरोनाले हात धुने, स्यानिटाइजर तथा मास्कको अनिवार्य प्रयोग गर्ने नागरिक बढेसँगै यस्ता सरुवा रोग सर्न पाएन, पछिल्लो समय स्वास्थ्यप्रति धेरै नागरिक सजग भएकोसमेत पाइएको छ।" नेपालमा बर्खायाममा झाडापखलाको महामारीका कारण गाउँ नै सखाप हुने अवस्था रहे पनि अहिले त्यस्तो समाचार खासै नसुनिएको खनालको भनाइ छ । बागलुङमा कोरोनाअघि धवलागिरि अस्पतालमा झाडापखाला र टाइफाइडका बिरामीको सङ्ख्या धेरै देखिने गरे पनि अहिले निकै कम सङ्ख्यामा आउने गरेको अस्पतालले जनाएको छ। स्वास्थ्यसम्बन्धी सजगता, बासी, सडेगलेका खानेकुरा नखाने, नियमित हात धुने तथा मास्कको प्रयोगले खाना र हावाको माध्यमबाट सर्ने रोगमा कमी आउन थालेको छ। कोरोनाले दुई वर्षको अन्तरालमा नागरिकमा स्वास्थ्यसम्बन्धी चेतना बढेको र आफ्नो तथा परिवारको स्वास्थ्य सुरक्षा सचेततालाई जीवनशैली बनाउन थालेको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौं बताउनुहुन्छ। उहाँका अनुसार स्वास्थ्य सचेतना बढ्दा स्वास्थ्यसम्बन्धी विभिन्न रोगमा कमी आउने अनुमान छ।

जिल्लामा पहिलो कोरोनाको लहरमा एक हजार र दोस्रो लहरमा ७४० पुगेको सक्रिय सङ्क्रमणको दर घटेर जम्मा ७६ पुगेको र कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ७० पुगेको छ। कोरोना सङ्क्रमण दर कम भएसँगै जिल्लामा चहलपहल हुन थालेको छ भने लामो समयदेखि बन्द रहेका विद्यालय तथा पार्टी प्यालेस र धार्मिक क्षेत्र खुलासमेत गरिएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिनुभयो।